# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, श्रावण २८ गते, २०७६ साल (अतिरिक्ताङ्क ३३


# भाग ३

## प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय

## प्रदेश लोक सेवा आयोगका अध्यक्षको पारिश्रमिक, सेवाको शर्त र सुविधा निर्धारणसम्बन्धी सूचना

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४ को उपदफा (२) बमोजिम प्रदेश लोकसेवा आयोगका अध्यक्षको पारिश्रमिक, सेवाको शर्त र सुविधा मिति २०७६/०४/२८ गते देखि लागु हुनेगरि देहाय बमोजिम हुनेछः-

१. **पारिश्रमिक, भत्ता र सुविधाः** प्रदेश लोकसेवा आयोगको अध्यक्षले अनुसूची-१ मा उल्लेख भए बमोजिम पारिश्रमिक, भत्ता र सुविधा पाउनेछ ।

२. **चाडपर्व खर्चः** अध्यक्षले आफूले खाइपाइ आएको एक महिनाको पारिश्रमिक वापतको रकम प्रत्येक बर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ ।

३. **सहयोगी र हलुका सवारी चालकः** अध्यक्षले आफुले पदमा बहाल रहेसम्म निवासको कामका लागि एक जना श्रेणी विहिन प्रथम स्तरको सहयोगी र हलुका सवारी चालक भर्ना गर्न पाउनेछ र निजहरुको पारिश्रमिक प्रदेश सरकारले बेहोर्नेछ ।

४. **बिदाः** (१) अध्यक्षले देहायका बिदा देहाय बमोजिम पाउनेछः-

| | |
|---|---|
| (क) भैपरी आउने बिदा | प्रत्येक वर्ष ६ दिन, संचित नहुने । |
| (ख) पर्व बिदा | प्रत्येक वर्ष ६ दिन, संचित नहुने । |
| (ग) घर बिदा | काम गरेको अवधिको १२ दिनको एक दिनका दरले । एकसय पचास दिनसम्म संचित रहने । |
| (घ) बिरामी बिदा | प्रत्येक वर्ष १२ दिन, संचित रहने । |
| (ङ) किरीया बिदा | आफैं किरीया बस्नुपर्ने भएमा बढिमा पन्ध्र दिन । |

(२) संचित बिदा वापतको रकम पदमा नरहेमा एकमुष्ठ पाउने ।

(३) माथि उल्लेखित सबै विदा पारिश्रमिक सहितको बिदा हुनेछ ।

(४) भैपरी र पर्व बिदा आफैले लिन सक्ने, अन्य लिदा प्रदेश प्रमुखको स्वीकृतिबाट लिनुपर्ने छ ।

५. **संचयकोषः** अध्यक्षको पारिश्रमिकबाट दश प्रतिशतका दरले रकम कट्टा गरी सो मा प्रदेश सरकारले शत प्रतिशत थप गरी कर्मचारी संचयकोषमा जम्मा गरिदिनेछ ।

६. **उपचार खर्चः** प्रदेश सरकारले निर्धारण गरी उपलब्ध गराउने ।

७. **निवृतिभरणः** सुविधासम्बन्धी कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

८. **अन्य सुविधा र शर्तः** अन्य सुविधा र शर्त सेवा सुविधासम्बन्धी कानूनमा उल्लेख गरिने ।

# अनुसूची - १

## प्रदेश लोक सेवाको अध्यक्षको पारिश्रमिक तथा अन्य सुविधा

| क्र.स. | सुविधाको प्रकार | ईकाई | दर |
|---|---|---|---|
| १. | पारिश्रमिक | प्रति महिना रु. | ६४४२०।- |
| २. | विशेष भत्ता | प्रति महिना रु. | १०००।- |
| ३. | आवास सुविधा | प्रति महिना रु. | १७९५०।- |
| ४. | आफ्नो घरमा बस्ने लोक सेवा आयोगको अध्यक्षलाई घर सफाई तथा मर्मत सुविधा | प्रति महिना रु. | ८९७५।- |
| ५. | विजुली, धारा, टेलिफोन | प्रति महिना रु. | १५००।- |
| ६. | सवारी इन्धन | प्रति महिना रु. | ८०।- |
| ७. | मोविल | त्रैमासिक लि. | ५।- |
| ८. | लुगा भत्ता | वार्षिक रु. | १००००।- |
| ९. | चाडवाड खर्च | वार्षिक रु. | एक महिनाको पारिश्रमिक बराबरको रकम |
| १०. | यातायात सुविधा | प्रदेश सरकारबाट प्रदान गरिने सवारी साधन | - |

| | | | |
|---|---|---|---|
| ११. | दैनिक भ्रमण भत्ता | प्रतिदिन रु. | २०००।- |
| १२. | यात्रा बिमा | - | १० लाख |
| १३. | विदेश भ्रमण भत्ता | प्रति दिन | १७५ अमेरिकी डलर |

**आज्ञाले,**
**राजेन्द्र थापा**
**कानून सचिव**